आज मिति २०८३/०४/२० गते विहान बबई गाँउपालिकाका अध्यक्ष **श्री कुल बहादुर खत्री क्षेत्रीज्यूको** अध्यक्षता एवं तपशिलका सदस्यहरुको उपस्थितिमा बबई गाउँपालिका गाउँ कार्यपालिकाको आ.व. २०८३।०८४ को **प्रथम** बैठक कार्यालयमा बसी देहायका प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो ।

**उपस्थितिः**

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री कुल बहादुर खत्री क्षेत्री | अध्यक्ष | |
| २ | श्री बम कुमारी खड्का | उपाध्यक्ष | |
| ३ | श्री तिलकराम भण्डारी | सदस्य (७ नं. वडा अध्यक्ष (प्रवक्ता) | |
| ४ | श्री प्रेम बहादुर डाँगी | सदस्य (१ नं. वडा अध्यक्ष) | |
| ५ | श्री टेक बहादुर वली | सदस्य (२ नं. वडा अध्यक्ष) | |
| ६ | श्री मान बहादुर के.सी. | सदस्य (३ नं. वडा अध्यक्ष) | |
| ७ | श्री टेक बहादुर वली | सदस्य (४ नं. वडा अध्यक्ष) | |
| ८ | श्री हर्क बहादुर श्रीस मगर | सदस्य (५ नं. वडा अध्यक्ष) | |
| ९ | श्री राजेन्द्र विक्रम शाह | सदस्य (६ नं. वडा अध्यक्ष) | |
| १० | श्री शान्ती परियार | सदस्य (१ नं. वडा सदस्य) | |
| ११ | श्री भिमाकुमारी बुढा मगर | सदस्य (४ नं. वडा सदस्य) | |
| १२ | श्री नोखी डाँगी | सदस्य (५ नं. वडा सदस्य) | |
| १३ | श्री सावित्रा सुनार | सदस्य (५ नं. वडा सदस्य) | |
| १४ | श्री नारायण परियार | सदस्य (कार्यपालिका सदस्य) | |
| १५ | श्री मोतिसरा वि.क. | सदस्य (कार्यपालिका सदस्य) | |
| १६ | श्री जोखिम वली | सचिव (प्र.प्र.अ.) | |

**सहयोगी कर्मचारी**

| | | | |
|---|---|---|---|
| १ | सचिवालय सहयोगी (प्रशासकीय अधिकृत) | श्री कृष्ण कुमार कँडेल | |
| | | | |
| | | | |

मिति २०८३।०४।२० गतेको गाउँकार्यपालिकाको बैठकमा बबई गाउँपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ७ को उपनियम (१) र (३) तथा नियम ८ को उपनियम (३) बमोजिम प्रमुख प्रशासकीय अधिकृतबाट प्रस्तुत गरिएका प्रस्तावहरुः

१. चालु आर्थिक वर्ष २०८३।०८४ को विनियोजित बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा।
२. घाटहरुको IEE गर्ने सम्बन्धमा।
३. बबई आधारभूत अस्पतालको लागि कर्मचारी व्यवस्थापन सम्बन्धमा।
४. प्राविधिक कर्मचारीलाई वडा कार्यालयमा खटाउने सम्बन्धमा।
५. शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा।
६. चमेना गृह सञ्चालन सम्बन्धमा।

## मिति २०८३/०४/२० गते बसेको गाउँ कार्यपालिकाको प्रथम बैठकका निर्णयहरु

**निर्णय नं.-१**

चालु आ व २०८३।०८४ का लागि स्वीकृत भएका विभिन्न योजनाहरु मध्ये रु.१० लाखभन्दा कम रकमका योजनाहरु आवश्यक्ता र सम्भाव्यता अनुसार उपभोक्ता समिति मार्फत गर्न सकिने र १० लाख भन्दामाथिका योजनाहरु उपभोक्ता समितिबाट नगरी ठेक्का मार्फत कार्यान्वयन गर्ने र उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने योजनाका लागि मिति २०८३।०५।०१ गतेदेखि उपभोक्ता समिति गठन गरी सम्झौताका लागि कार्यालयमा पठाउने।

साथै आर्थिक वर्ष २०८३।०८४ को लागि बबई गाउँपालिकाबाट विनियोजन बजेट र स्वीकृत योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न समयमै शुरु गरी समयमै संम्पन्न गर्नका लागि सबै विषयगत शाखाहरुलाई निर्देशन दिने।

**निर्णय नं.-२**

यस गाउँपालिकाभित्र पर्ने नदी तथा खोलाका घाटबाट नदीजन्य पदार्थ उत्खनन गर्ने प्रयोजनका लागि यस अघि गरिएको प्रारम्भिक वातावरणीय परीक्षणको अवधि समाप्त भएकोले देहायका नदी तथा खोलाका निम्न घाँटहरुको IEE गर्ने।

| सि नं | वडा नं | घाटहरु |
|---|---|---|
| १ | २ | ट्वाङखोला बगरपुरको कुलोको बाँधदेखि उत्तरतर्फको घाट |
| २ | ४ | च्याठीखोला बगरेतरा घाट |
| ३ | ५ | बबई नदीको जलुके घाट |
| ४ | | बबई नदीको मकैतरा घाट |
| ५ | | बबई नदीको हुरुम घाट |
| ६ | ६ | बहुलाखोलाको ढुङ्गेबगर दोभान घाट |
| ७ | ७ | बबई नदीको बेलासपुर घाट |
| ८ | | बबई नदीको ओदाले घाट |
| ९ | | बबई नदीको कालितरा दोभान घाट |
| १० | | बबई नदीको झारगझेरी घाट |

**निर्णय न . ३**

यस गाउँपालिकाद्वारा सञ्चालित बबई आधारभूत अस्पतालबाट स्वास्थ्य सेवा उपलब्ध गराईएकोमा उक्त अस्पतालबाट सेवा उपलब्ध गराउनका लागि हाल न्यूनतम जनशक्ति पनि नभएकोले प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्नका लागि थप कर्मचारी खटाउनु पर्ने भएकोले हाल कार्यरत मौजुदा जनशक्ति मध्ये देहायका स्वास्थ्य सेवाका कर्मचारीहरुलाई उक्त अस्पतालमा खटाई कामकाज लगाउने।

१. पञ्चकुले स्वास्थ्य चौकीबाट पारमेडिक्स तर्फ १ जना, नर्सिङ तर्फ २ जना
२. हापुरे अस्पताबाट १जना
३. आधारभूत स्वास्थ्य केन्द्र बगरपुर १ जना

**निर्णय नं ४**

यस गाउँपालिकाको चालु आ व २०८३।०८४ मा स्वीकृत वार्षिक बजेट तथा योजनाहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि प्राविधिक कर्मचारीहरुलाई वडा कार्यालयमै हाजिर भई प्राविधिक सेवा प्रवाह गर्ने गरी खटाउने ।

**निर्णय नं ५**

मिति २०८३।०४।१३ मा बसेको स्थानीय शिक्षा समिति सहितको सर्वपक्षीय बैठकबाट यस गाउँपालिकाका सम्पूर्ण विद्यालयको शैक्षणिक सुधार तथा व्यवस्थापन गर्ने गरी भएको निर्णय अनुमोदन गरी कार्यान्वयन गर्ने ।

**निर्णय नं ६**

यस गाउँपालिकाको कार्यालयको हाताभित्र सञ्चालन भएको चमेना गृहलाई अझ व्यवस्थित र सुलभ गराउनका लागि आगामी दिनमा ठेक्का मार्फत प्रतिस्पर्धा गराई सञ्चालन गर्न ठेक्का लगाउने ।